स्थानीय सरकार

# बागमती गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

झुरझुरे, मकवानपुर

बागमती प्रदेश, नेपाल

☏ ९८५५०३०५६१

☏ ९८५५०७२०७२

प.सं.: २०८०/०८१

च.नं.:

मिति: २०८१/०२/०३

सूचना।सूचना।।सूचना।।

उपरोक्त विषयका सम्बन्धमा आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत राष्ट्रपति महिला सशक्तिकरण परियोजना अन्तर्गत जीविकोपार्जन सुधार कार्यक्रमका लागि विनियोजन गरिएको रकम रु.८,९०,०००(अक्षरुपी आठ लाख नब्बे हजार) विपन्न महिलाको जीवनस्तरमा बढोत्तरी ल्याउन, स्थनीय स्रोत साधन समेतको समुचित प्रयोग गर्दै उद्यमशीलता विकासको माध्यमबाट महिलाहरुको आर्थिक सशक्तिकरण गर्न, आय आर्जन तथा जिविकोपार्जन सुधारका माध्यमबाट महिला सशक्तिकरण र महिलाद्धारा स्थापित संस्थाको क्षमता अभिवृद्धि गर्नका लागि इच्छुक संस्थाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

<u>यस कार्यक्रमबाट संचालन हुने कार्यहरु:</u>

१.कृषि तथा पशुपालन क्षेत्रः सहकारी खेती, सामुहिक खेती, आधुनिक खेती, पशुपालन, माछापालन, माहुरीपालन लगायत कुनै पनि क्षेत्रको कृषि उत्पादनमा आधारित व्यवसायिक कार्यहरु ।

२.पर्यटन क्षेत्रः होमस्टे, होटल, रेष्टुरेण्ट, ट्रेकिङ, टुर गाइड, स्थानीय श्रोत साधन र संस्कृतिमा आधारित व्यवसायिक कार्यहरु।

३.गैहकृषि क्षेत्रः वनपैदावार, लोकता कागज, उद्योग, अल्लो, जडीबुटी उत्पादन,तथा प्रशोधन, ढाका बुनाइ, बेकरी, हस्तकलाका सामान, ड्राइभिङ, प्लम्बिङ, ब्युटीपार्लर, क्रिस्टल, सैलुन, इलेक्ट्रिसियन लगायतका व्यवसायिक कार्यहरु ।

नोटः बुदाँ नं. १ लाई आधार मानी कार्यक्रम छनौट गर्नुपर्नेछ ।

<u>प्रस्ताव पेश गर्ने संस्थाको योग्यता देहायबमोजिम रहेको छ ।</u>

प्रचलित कानुन बमोजिम दर्ता र नविकरण भएको,

प्रत्येक वर्ष लेखापरीक्षण सम्पन्न गरी सोको प्रतिवेदन तयार भएको,

प्रचलित कानुन बमोजिम अयोग्य नरहेको ।

<u>प्रस्तावका साथ पेश गर्नुपर्ने कागजातहरु देहायबमोजिम रहेका छन् ।</u>

(१)संस्थाको विधान, परिचय, उद्देश्य, कार्यसंचालन प्रक्रिया, भौतिक तथा वित्तीय श्रोत सम्वन्धी विवरण,

(२)प्रस्तावित व्यवसायको अवधारणापत्र, व्यवसायको क्षेत्र, तालिम अवधि र स्रोत परिचालन सहितको व्यवसायिक योजनाको विवरण,

(३)प्रचलित कानुन बमोजिम दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि,

(४)अघिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,

(५)अघिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन,

(६)प्रस्तावित कार्यक्रममा संस्थाको योगदानको अंश, अन्य निकायबाट प्राप्त हुने सम्भाव्य सहयोग वा साझेदारीको स्रोत सहितको यथार्थ विवरण,

(७)कालोसूचीमा नपरेको र प्रचलित कानुन बमोजिम अयोग्य नरहेको स्वःघोषणा,

(८)प्रस्ताव दर्ता गर्दा संस्थाले विपन्न र एकल महिलाको आर्थिक उत्थान तथा सशक्तिकरण हुने गरी व्यवसायिक सम्भाव्यता समेत उल्लेख गरी सोको कार्यान्वयन कार्ययोजना सहितको प्रस्ताव पेश गर्नुपर्नेछ ।

इच्छुक प्रस्तावदाताले सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम संचालन सम्बन्धी मापदण्ड, २०७७ को अनुसूची २ को फारम भरी बागमती गाउँपालिकाको सामाजिक विकास शाखामा बुझाउनुहुन अनुरोध छ ।कार्यक्रम संचालन खर्चको मापदण्ड (राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम संचालन सम्बन्धी मापदण्ड, २०७७) को अनुसूची ४ दफा १९ को परिधिभित्र रहेर गर्नुपर्नेछ ।

थप जानकारीको लागि मन्त्रालयको वेबसाइट (www.mowcsc.gov.np) मा हेर्न सकिनेछ ।साथै यस देहायको नम्बरमा सम्पर्क गर्न सक्नुहुनेछ ।

बिनिता मरासिनीः ९८४२७४७१३६ (अधिकृत सातौं)

नगेन्द्र महतोः ९८६४८३३२०४ (रोजगार संयोजक)

..................

झलकनारायण धलान

प्रमुख प्रशासकीय अधिकृत



**प्रमुख प्रशासकीय अधिकृत**